०८२।११।१२

श्रीमान् सम्पादक ज्यू,

Racekhabar.com

बीरगञ्ज, पर्सा

बिषय: खण्डन सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा तपाईं सम्पादक रहेको Race khabar.com अनलाईन मिडियाको माध्यमबाट मिति २०८२।११।३ गते "८ लाखको जग्गा नामसारी गर्न १० लाखको बार्गेनिङ्, मालपोत प्रमुख खत्री माथि घुस मागेको आरोप" शीर्षकमा प्रकाशित समाचार मा मेरो नाम तथा पद समावेश गरी प्रस्तुत गरिएको बिषयप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ। उक्त समाचारमा उल्लेख गरिएको ब्यहोरा तथ्यमा आधारित नभै एक पक्षीय कपोल-कल्पित, पूर्वाग्रही र भ्रामक तथा मेरो ब्यक्तिगत प्रतिष्ठा, सामाजिक छवि र ब्यवसायिक गरिमामा गम्भीर असर पुर्‍याउने खालका छन्। उक्त झुठा समाचार/सामग्रीको सम्बन्धमा र मिति ०८२।११।४ मा "Reel by Racekhabar HD" Facebook.com मा राखेको अनर्गल र बहकाउ र बोल्न बाध्य बनाईएको Vidio Reel राखिएको बिषयमा समेत मेरो देहाय अनुसारको बिषय-बस्तु (कानूनी आधारहरू) र बुँदागत आपत्ति, खण्डन र प्रतिक्रिया रहेको छ।

देहाय:-

बिषय-बस्तु

१- भारत, बिहार पूर्वी-चम्पारण निवासी अनिल कुमारले निजको बाजे देव नारायण साहको नाममा कायम रहेको जि. पर्सा, श्रीसिया ख.रो. वा.नं.८ कि.नं. २६४ क्षे.वि. ०-४-३ को जग्गा हा.सा./ना.सा. माग निवेदन फाईल कार्यालयमा पेश भएको छ।

क्रमशः

(हस्ताक्षर) ०८२।११।१२

११।१५

२- फाईल सेलग्न कागज्पात अध्ययन गर्दा फाईलमा स्थानीय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशन भएको र वीरगञ्ज महानगर पालिका वा.नं. २५ को वडा कार्यालयले दिएको सिफारिसमा वडा अध्यक्षको दस्तखत न भै वडा सदस्य तितरी देवीको दस्तखत भएको देखिएको।

३- यसरी विदेशी नागरिकको अपुताली बमोजिमको भर्गा देखिएको बाजेको नामबाट सोझै एक जना मात्र नाति अनिल कुमारको नाममा एकलौटी ना.सा. माग गरेको हकदारका सम्बन्धमा अन्य हकदार लुकाइएको र निजले २०६३ सालमा पर्सा जिल्लाबाट पनि नेपाली नागरिकता लिएको भन्ने जस्ता सूचनाहरु प्राप्त भैरहेको अवस्थामा मैले (कार्यालय प्रमुख) यो स्थानीय स्तरको पत्रिकामा निकालेको ३५ दिने सूचनाले हुँदैन राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सूचना निकाल्नु पर्छ र वडा अध्यक्षकै नै किटानी सिफारिस चाहिन्छ भनेपछि यस फाइलमा सेलग्न बिचौलियाहरु र लेखापढी व्यवसायी ओम प्रकाश यादवले म सँग पूर्वाग्रह राख्दै आइरहेका थिए।

४- मैले यसरी उल्लेखित प्रक्रिया पुर्‍याउन आदेश गरेको ३-४ दिनपछि ले.प. ओम प्रकाश यादवसहित ४-५ जना बिचौलिया हरु मेरो कार्यकक्षमा आई म सँग यो फाइल तपाईले किन अड्काएर राखेको, तपाईले गर्नैपर्छ भनी धाक-धम्की दिएको, तर मैले प्रक्रिया नपुर्‍याई यो फाइल गर्दिनँ भनी प्रतिवाद गरी दुवै पक्षबीच ८-१० मिनेट वाद-विवाद भएको।

५- उक्त विवाद भएको १०-१५ दिनपछि ०८२।११।११ को ४:३२ P.M मा ले.प. ओम प्रकाश यादवले मलाई फोन मार्फत डर, धाक-धम्की र तपाई यो फाइलमा १० लाख माग्ने जस्ता कपोलकल्पित र अनर्गल आरोप लगाई गाली गलौच समेतको शुरुवात निजले गरेपछि मात्र मैले पनि फोनमा ओम प्रकाश यादवलाई गाली गलौच गरेको।

११।१२

क्रमशः।

६- मिति २०८२।११।०२ गते ८:०२ P.M. मा मलाई Racekhabar.com का सञ्चालक गोविन्द देवकोटाले Whatsapp Audio Call मार्फत मलाई यो विषयमा यस्तो भनाई आएको छ, यसमा तपाईको भनाई के हो? भनी ५ मिनेट Talk भएको ।

७- मिति २०८२/११/०३ गते २ लाखको जग्गामा १० लाखको बार्गेनिङ, म्यालपोत प्रमुख खत्री माथि गम्भीर आरोप शीर्षकमा Race Khabar.com बाट मेरो फोटो सहित समाचार प्रकाशन भएको, तर मैले खण्डन गरेका गम्भीर विषय र मूलभूत अभिव्यक्तिहरू लाई नसमेटी एकपक्षीय रुपमा बढाई-चढाई (Exaggerate) गरिएको ।

८- २०८२/११/०३ को प्रकाशित समाचारउपर Press Council, Nepal मा मुद्धा हाल्छु भने पछि गोविन्द देवकोटा लगायत विधीलिया र ले.प. ओमप्रकाश थापाको मिलोमतो र साँठगाँठमा आफूले विना आधार र प्रमाण मौलिक कपोलकल्पित, षडयन्त्रपूर्ण र भ्रामक समाचार प्रकाशन गरेको विषयमा जिनो भएपनि बल पुग्न सक्छ भन्ने दुर्नियत र डरले हचुवामा समाचार प्रकाशन भएको मिति पछि मात्र २०८२।११।०५ मा निज Indian सेवाग्राही अखिल कुमारलाई बोलाई पढाई-सम्झाई, जबर्जस्ती उक्त प्रकाशित समाचारको मूल विषयवस्तु १० लाख मागेको विषय लाई निज सेवाग्राहीलाई बहकाएर vidio मार्फत बकाउन लगाइएको । [signature] २०८२।११।१२

## कानूनी आधार :

१- बिषय-वस्तुको प्रकरण १, २, र ३का सम्बन्धमा श्रेस्ता कायम गर्ने लगायतका सामान्य त्रुटि या संशोधनको विषयमा स्थानीय पत्र-पत्रिकामा ३५दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने व्यवस्था भू-प्रशासन निर्देशिका २०७१ले गरेको छ। विदेशी नागरिकको अपुतालीको जग्गा नामसारी जस्तो संवेदनशील बिषय, तीन पुस्ता पछिको नामसारी स्पष्ट किटानी सिफारिस तथा प्रष्ट नाता प्रमाणित नहुनु, वडा सदस्यले मात्र सिफारिस गर्नु र हकदारहरु लुकाइएको र निज निवेदकको दोहोरो नागरिकता लिएको बिषय समेत उठिरहेको अवस्थामा कार्य प्रकृतिको गम्भीरता एवम् संवेदनशीलतालाई हेरी बुझी नै निर्देशिका बमोजिम राष्ट्रिय स्तरको पत्रिकामा ३५दिने सार्वजनिक सूचना प्रकाशन गर्न कानून बमोजिम नै आदेश गरेको हूँ। यो बिषयमा कानूनी त्रुटि भए सहन बाध्य हुने नै छु।

### खण्डन/आपत्ति/प्रतिक्रिया

(विषय-वस्तुको प्रकरण ४, ५, ६ र ७का सम्बन्धमा)

१- तपाई सम्पादक महोदयले उक्त प्रकाशित सामग्रीका सम्बन्धमा मलाई मिति २०८२।११।०२को ८:०२ P.M मा whatsappमा Voice call मार्फत उक्त बिषय वस्तुका बारेमा सोध्ने सम्मको मात्र औपचारिकता पूरा गर्नु भयो। मैले उक्त विषयमा Voice Call मार्फत खण्डन गरेका प्रमुख र मूलभूत अभिव्यक्तिलाई किन समावेश नगरी विपक्षीले मलाई लगाएको पूर्वाग्रही, साजिसपूर्ण, कपोलकल्पित, भ्रमपूर्ण र १००% झुठो आरोपलाई मात्र कुनै पनि पुष्टी गर्ने आधार र प्रमाण नै नभएको अवस्थामा षडयन्त्रकारीले तपाईलाई आर्थिक प्रभावमा पारेकै कारण तपाईले एकपक्षीय-रूपमा विपक्षीलाई मात्र पृष्ठपोषण हुने गरी झुठो, कपोलकल्पित

क्रमशः →

(हस्ताक्षर) ११।१२

र भ्रमपूर्ण कुरा सुनाइरहेको भरमा तपाईले यो विषय-वस्तु लाई साँच्चै नै हो भन्ने जस्तो भ्रम पारी बद्नियतले पूर्वाग्रही भै बढाई-चढाई यो विषयमा यस्तो साजिसपूर्ण कुरालाई आफ्नो Mediaमा प्रकाशन गरी Mediaबाजीको शुरुवात गरेर आगामी छपू थर्ने कार्य गर्नु पत्रकारिता जस्तो गरिमामय अंगको तपाई जस्तो Senior Mediaको कुन कानूनी आधार, मूल्य-मान्यता र कुन-आचारसंहिता अन्तरगत पर्दछ ? सच्चा खोज पत्रकारिताको के यस्तै धर्म र मर्म हो ? यो yellow journalism को पराकाष्ठा भएन र महोदय ! के खोज पत्रकारिता गरी सत्य तथ्य जनता समक्ष प्रस्तुत गर्न नसक्नु के पत्रकारिताको मूल्य, मान्यता र मर्मको विपरीत होइन र महोदय ! विपक्षीको एकतर्फी कपोलकल्पित, साजिसपूर्ण र १००% झुठो विषयवस्तुलाई प्रस्तुत गर्नु के तपाईको बहादुरी र महानता हो ? के यही नै असल र निष्ठावान पत्रकारिताको जिम्मेवारी र उत्तरदायित्व हो ?

२- विषय-वस्तुको प्रकरण ८ का सम्बन्धमा मिति २०८२।११।०२ मा प्रकाशित समाचार उपर तपाईमाथि Press Council, Nepal मा मुद्दा हाल्छु भनेपछि तपाईलगायत बिचौलिया र लेखकको ओम प्रकाश यादवको मिलेमतो र साजिसमा आफूले विनाआधार र प्रमाण मौखिक बोलेको भरमा प्रकाशन गरेको साजिसपूर्ण समाचार कच्चा र अविश्वसनीय हुन्छ भन्ने डर र दुर्नियत ले हचुवामा समाचार प्रकाशन भएको मिति र समयपछि मात्र Indian सेवाग्राही अनिल कुमारलाई बोलाई पढाई सिकाई जबर्जस्ती उक्त प्रकाशित समाचारको मूल विषयवस्तु १० लाख माँगेको विषयलाई निज सेवाग्राहीलाई बहकाएर शुरुमा तपाईको सहयात्री yatradaily.com मार्फत, बकाउन लगाई Video Reel तयार गरी पछि तपाईको Racekhabar.com मार्फत ०८२।११।४ मा video Reel तपाईको Facebook बाट प्रसारण गर्दा तपाईको पत्रकारितामाथि नैतिक प्रश्न उठाउन मिल्ने हो, होइन ?

क्रमशः —

२०८२।११।१२

३. यथार्थमा हेर्दा र छानवीन समेत गरिएमा १०लाखको बार्गेनिङ भन्ने विषयमा मेरो मुखबाट पैसाको "प" भन्ने शब्द पनि निस्केको सुनिने छैन। म उपर लगाइएको आरोपमा अहिलेसम्म कुनै आधिकारिक छानबीन वा प्रमाण समेत विद्यमान छैन।

४- तसर्थ बदनियतपूर्ण प्रकाशित उक्त समाचार र Video Reel निराधार तथ्यहीन, प्रमाणविहीन तथा कपोलकल्पित नियोजितरूपमा मेरो व्यक्तिगत, सामाजिक र व्यावसायिक प्रतिष्ठामा क्षति पुऱ्याउने दुर्नियतले गरिएको हो भनी १००% ठोकुवा गर्दछु। यस घटनाले प्रेस काउन्सिल, नेपाल जस्तो मर्यादित र गरिमामय संस्थाद्वारा जारी गरिएको आचारसंहिता समेतको घोर रूपमा धज्जी उडाएको प्रष्ट देखिन्छ।

५- समाचारमा गाली गलौच गरेको भन्ने विषयमा Tit For Tat सम्म मात्र म बाट गरिएको कुरा स्वीकार्दछु र खेद समेत प्रकट गर्दछु। साथै समाचार प्रकाशन गर्ने दुस्साहस गर्ने पीडित भनिएका (So called Victim) पात्रहरू ओम प्रकाश यादव र अनिलकुमार पीडित व्यक्ति नभै वास्तविक पीडित (Real Victim) म स्वयम हुन गएको व्यहोरा प्रष्ट पार्न चाहन्छु। अतः ओम प्रकाश यादव र अनिल कुमारद्वारा काल्पनिक र नाटकीयरूपमा व्यक्त सार्वजनिक गरिएका भनाईहरू पूर्णरूपमा गलत, भ्रामक र तथ्यहीन रहेको व्यहोरा प्रष्ट पार्न चाहन्छु।

यसर्थ ~~[illegible]~~ उक्त समाचार प्रकाशन वा Video Reel गरी प्रशारण गर्दा कुनै तथ्य-सत्य आधार वा प्रमाण नै नलिई पूर्वाग्रही र साजिसपूर्ण ढंगले प्रकाशन गरेको निर्विवाद देखिन्छ। यस्तो किसिमको पीतपत्रकारितावाट पत्रकारिताको मानमर्दन हुनुका साथै आचारसंहिताको घोर उल्लंघन भएको छ। यसरी एकपक्षीय कथनका आधारमा गरिएको समाचार प्रशारणले पाठक वर्गलाई भ्रम पार्नुका साथै मेरो सामाजिक तथा व्यावसायिक प्रतिष्ठा समेत नकारात्मक प्रभाव पारेको छ।

श्रीमान् अध्यक्षज्यू:

प्रेस काउन्सिल नेपाल, काठमाडौं : दोषीउपर छानवीन गरी कारवाही गरियोस्।

पीडित:-
[signature]
ह्मराज खत्री
प्र.सो.अ.
श्र.सु. तथा मा.पो. का. पर्सा
१, ३०,४१५ वीरगंज
९८४५०१४९६३